# जीवन सम्म पुर्‍याउने खुड्किलो

एल्मर एच.मर्डक



परमेश्वर एक अति असल परमेश्वर हुनुहुन्छ, जसले तपाईको ध्यान आफूतिर खिँच्न चाहनु हुन्छ।

शायद यी कति कुराहरुले त्यो प्रेमको सम्बन्धमा बाधा दिएका होलान्....




यस्तो आफ्नो विषयहरुमा तपाई डुब्नु भएको कारणले परमेश्वरको बारेमा सोच्न नै पाउनु भएन होला। जब तपाईले यो पर्चा पढ्नुहुनेछ परमेश्वरले तपाईलाई केही भन्न सक्नुहुनेछ।

## निश्चय तपाईंले परमेश्वरका बारेमा कति कुरा जान्नुभएको होला तर यहाँ तीन अति महत्वपुर्ण सत्यताहरु छन्, जसबारे तपाईंले अहिल्यै विचार गर्नुपर्छ।

....उहाँ सर्वज्ञानी हुनुहुन्छ, अनि तपाईंको जीवनको लागि कुन कुरो उत्तम छ सो जान्नुहुन्छ।
....उहाँ पवित्र हुनुहुन्छ, पापलाई ठीकै छ भनी उहाँले भन्न सक्नुहुन्न र पापको न्याय गर्नुहुन्छ।
....उहाँ कृपालु हुनुहुन्छ र क्रूसमा भएको ख्रीष्टको मृत्युको कारण न्यायलाई रद्द गरी तपाईंलाई माफ दिन सक्नुहुन्छ।
"तपाईंजस्तो परमेश्वर को छ र जसले पाप-क्षमा गर्नुहुन्छ...."मीका ७:१८ (बाइबल)। येशु ख्रीष्ट मात्र परमेश्वर कहाँ पुग्ने बाटो हुनुहुन्छ किनकि उहाँले भन्नुभयो....."बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिता कहाँ आउन सक्दैन" - यूहन्ना १४:६।
तपाईंले कहिल्यै विचार गर्नु भएको छ....
"जिउनुको उच्च उद्देश्य के हो ? "
कोहि भन्छन्- परिवारको लागि, खुसीरहन, असल जीवन जिउन र सम्पन्न बन्न इत्यादि। यी सबै राम्रै कुरा हुन् तर बाइबलले हामीलाई बताउँछ कि येशू ख्रीष्टद्वारा परमेश्वरलाई चिन्न, अनुभव गर्नु नै सबैभन्दा उच्च उद्देश्य हो। यसबारे विचार गर्नुहोस्! तपाईंले परमेश्वरलाई कुनै एक साथीलाई जस्तै चिन्न सक्नुहुनेछ।
"अनन्त जीवन यही हो कि तिनीहरुले तपाई एकमात्र सत्य परमेश्वरलाई चिनून् र तपाईंले पठाउनुभएको येशु ख्रीष्टलाई चिनून्" - यूहन्ना १७:३।

## यिनै उदेकका परमेश्वरले तपाईंको निम्ति कतिपय इच्छा राख्नुभएको छ ।

- तपाईंको सबै पापहरु क्षमा गर्नुहुनेछ ।
- तपाईंको जीवनलाई अहिले नै अर्थपूर्ण बनाउने उहाँको इच्छा छ ।
- मृत्युपछि तपाईंलाई स्वर्गमा लैजानुहुनेछ ।

जब तपाईंले आफैलाई प्रभु येशु ख्रीष्टमा समर्पण गर्नुहुन्छ अनि यी सबै अधिकार तपाईंकै हुनेछ ।

यदि तपाईंले यो दया र प्रेमको उपहारलाई अस्वीकार गर्नुभयो भने, तपाईंले आफैलाई परमेश्वर भन्दा माथि तुल्याउनुहुन्छ र उहाँको न्यायमा पर्नुहुनेछ (यूहन्न ३:३६) । यस विषयमा तपाईंले आफैलाई तपाईंमाथि आइपर्ने कुराको लागि पूर्णरुपले अन्तिम जिम्मेवार बनाई रहनुभएको छ ।

यसैकारण, तपाईंले सामना गर्नुपर्ने सबैभन्दा महत्वपूर्ण प्रश्नचाहिँ....

## तपाईंको जीवन कसले सञ्चालन गर्छ ?

तपाईंले कि येशु ख्रीष्टले ? अब आउने पानाहरुमा तपाईंले यो प्रश्नको उत्तर पाउनुहुनेछ ।

## प्रत्येक मानिस तलका यी पाँच खुड्किलोहरु मध्ये एउटा माथि उभिएकै हुन्छ ।

तपाईको हृदयको आचरणले तपाई परमेश्वरदेखि कति नजिक वा टाढा हुनुहुन्छ भन्ने कुराको निर्णय गर्छ। प्रत्येक “खुड्किलो”- ले परमेश्वरप्रतिको तपाईको हृदयको आचरण देखाउँछ र तपाई परमेश्वरदेखि कति टाढा अथवा नजिक हुनुहुन्छ भन्ने कुरा जनाउँछ। एकजना मानिसले सत्य जान्न खोजिरहेको थियो, प्रभु येशुले उसलाई भन्नुभयो, “तिमी परमेश्परको राज्य देखि टाढा छैनौं”- मर्कुस १२:३४ ।




यी मध्ये कुनचाहिँ खुड्किलोमाथि तपाई हुनुहुन्छ ?

# बेवास्ता

येशु ख्रीष्ट र मुक्तिको बारेमा तपाईले धेरै जान्नुभएको होला वा थोरै जान्नु भएको होला। तर महत्वपूर्ण कुरा के हो भने तपाईलाई बेवास्ता गर्ने बानी भएको छ ।

बेवास्ता गर्ने तपाईको व्यवहारले गर्दा तपाईले परमेश्वरलाई चिन्न सक्नुहुन्न तर तपाईले बेवास्ता गऱ्यो भन्दैमा परमेश्वरले पनि बेवास्ता गरेर तपाईप्रति चिन्ता-फिक्री त्याग्नुहुन्न । बाइबलमा लेखिएको छ, "....तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसरी देखाउनुहुन्छ कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" - रोमी ५:८ ।




के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?

# वास्ता

तपाई आफ्नो भित्री अनि आत्मिक खाँचोहरु प्रति सचेत हुनुहुन्छ र ती कुराहरुको समाधान चाहनुहुन्छ। हुन सक्छ कसैको मृत्यु, छोडपत्र, बेरोजगार, जागिर गुमाएको अवस्था, रोग विमार, अभाव तथा मित्रको प्रभावले आफूभित्रको रित्तोपन वा आत्मिक खाँचोको महसुस गरिरहनुभएको छ। त्यो रित्तोपन वा आत्मिक खाँचोचाहिँ येशु ख्रीष्टसित तपाईको व्यक्तिगत सम्बन्ध नभएर हो। प्रभु भन्नुहुन्छ, “जब तिमीहरुले आफ्ना सारा हृदयले मलाई खोज्नेछौ, तब तिमीहरुले मलाई खोजेर पाउनेछौ” - यर्मिया २९:१३।




के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?
साँचो वास्ताले तपाईलाई निम्न कुरामा पुऱ्याउँछ....

## दोषको ज्ञान

परमेश्वरको पवित्र आत्माले तपाईलाई तपाईको पाप र रित्तोपन देखाईदिनु भएको छ फलस्वरुप तपाईले आफ्नो आत्मामा एउटा असजिलोपन र दोषपूर्ण विवेक महसुस गर्नुभएको छ ।

एक "असल व्यक्ति" भएको कारणले स्वर्ग जानेछु भनी तपाईले आशा गर्नुभएको छ कि ? अथवा सकेसम्म असल कामकाज गरेर स्वर्ग जान्छु भनी सोच्नु भएको छ कि ? तपाईले आफूले आफैलाई सोध्नुपर्ने प्रश्नहरु यी नै हुन् "के म साँच्चै एक असल व्यक्ति हुँ ? के मैले विचार, व्यवहार र बोलीमा परमेश्वरका आज्ञाहरुलाई शतप्रतिशत पालन गरेको छु ?"

यदि तपाई शतप्रतिशत असल हुनुहुन्छ भने तपाईको असल जीवनको कारण स्वर्ग जान सक्नुहुन्छ । (हेर्नुहोस् मत्ती १९:१७-१९) । रोमी ३:२०- मा लेखिएको छ कि "....किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ ।"



## आफू कति असल छु थाहा पाउन परमेश्वरका भलोपनका यी दस प्रमुख आज्ञाहरुलाई हेरेर आफैलाई जाँच्नुहोस्- परमेश्वरले भन्नुहुन्छ.....

तिमीले मेरोअघि अरु कुनै देवी-देवता नमान्नू ।

खोपेर तिमीले आफ्नो निम्ति कुनै किसिमको मूर्ति नबनाउनू ।

तिमीले आफ्नो परमेश्वरको नाम व्यर्थमा नलिनू ।

विश्रामको दिनलाई पवित्र राख्नुपर्छ भनी याद राख्नु ।

आफ्नो बाबु आमालाई आदर र आज्ञापालन गर्नू ।

तिमीले व्यभिचार नगर्नू ।

तिमीले चोरी नगर्नू ।

तिमीले आफ्नो छिमेकीको विरुद्ध झूटो गवाही नदिनु ।

तिमीले कसैको कुनै कुरोको लोभ नगर्नू ।

प्रस्थान २०:१-१७

तपाईको जाँच कस्तो भया ? पास हुनको लागि तपाईले १०० अंक ल्याउनुपर्छ। परमेश्वरले कसैलाई यति अंक, कसैलाई उति अंक दिनुहुन्न। बाइबलमा याकूब २:१० ले भनिसकेको छ कि हामीले परमेश्वरको एउटा आज्ञा एक पटक पनि उलंघन गर्‍यौं भने हामी फेल हुन्छौं र असफल हुन्छौं। परमेश्वरको व्यवस्थाको पालन त एउटा बेलुनजस्तै हो। एउटा सानो प्वाल पर्‍यो भने खत्तम भइहाल्छ।




के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?
साँचो वास्ताले तपाईलाई निम्न कुरामा पुर्‍याउँछ.....

## अर्को यी महत्वपूर्ण कुराहरुमाथि विचार गर्नुहोस् :

१. के तपाईले परमेश्वरको कुनै आज्ञा भङ्ग गरेर पाप गर्नुभएको छ ? ❑छ ❑छैनमा चिन्ह लगाउनुहोस्।

२. तपाईले गरको पापले तपाईलाई भित्रभित्रै पिरोल्छ ? ❑पिरोल्छ ❑पिरोलदैनमा चिन्ह लगाउनुहोस्।

३. कत्तिको पिरोल्छ ? ❑थोरै ❑ धेरै यति साह्रो कि यसको लागि केही गर्न चाहनुहुन्छ।

# पश्चात्ताप

तपाईंको मन र हृदयमा एउटा गहिरो परिवर्तन भएको छ। आफूलाई थाहा भएका सबै पापहरुलाई त्याग्ने र फ्याँक्ने तपाईंमा इच्छा जाग्छ साथै परमेश्वरदेखि स्वतनत्र भई बाँच्ने इच्छा पनि मर्छ।

पश्चात्ताप.... भनेको आफैलाई आफ्नो जविनको सिंहासनबाट हटाएर येशु ख्रीष्टलाई उहाँको अधिकारपूर्ण त्यो स्थानमा बसाल्नु हो।

पश्चात्ताप....भनेको विश्वास गर्नु अघि तपाईंले आफ्नो जीवनलाई गइरहेको बाटोबाट फनक्क फर्काउनु हो।

पश्चात्ताप....भनेको आफ्ना पापहरुका लागि दु :खी हुनु मात्र होइन। हो पश्चात्ताप गर्दा दुःख लाग्छ। तर दु :ख लाग्दैमा पश्चात्ताप गरेको ठहर्दैन। धेरै मानिसहरु पापले ल्याएको परिणामले दु :खी बन्छन् तर पापकै लागि भने दु :खी बन्दैनन्। किनभने "ईश्वरीय शोकले मुक्तिको निम्ति पश्चात्ताप उत्पन्न गर्छ, र यसमा पछुतो हुँदैन तर संसारिक शोकले भने मृत्यु ल्याउँछ" -२ कोरिन्थी ७:१०।

पश्चात्ताप..... भनेको पाप गर्न छोड्नु मात्र होइन। कति मानिसहरुले ब्यक्तिगत कारणले (जस्तै -ब्यक्तिगत स्वास्थ्य, बदनामी हटाउन, परिवारको कारण व्यापार इत्यादि) पाप गर्न छोड्छन् र सुधार गर्छन् तर पापको कारणले परमेश्वर अप्रसन्न हुनुभएको छ भनेर चाहिँ होइन।

पश्चात्तापको बारेमा नयाँ करारमा ५५ भन्दा बढी ठाउँमा बताइएको छ ।

येशु आफैले भन्नुभयो, "....तिमीहरुले पश्चात्ताप गरेनौ भने तिमीहरु सबै त्यसरी नै नाश हुनेछौ" -लूका १३:३ ।

यसो भए पश्चात्ताप गर्न कति महत्वपूर्ण छ त ?




के तपाई यो खुड्किलोमा हुनुहुन्छ ?
पश्चात्तापले तपाईलाई निम्न कुरामा पुऱ्याउँछ......

# प्रभु येशुमा उद्धार पाउने विश्वास

यस खुड्किलोमा तपाई जे-जति हुनुहुन्छ त्यो सबै प्रभु येशुमा समर्पण गरी तपाईको जीवनलाई प्रभु येशु ख्रीष्टले पूर्णरुपमा अधिन गरोस् भनी तयार हुनुभएको छ।

यो चाहिँ तपाईको हृदयमा स्वशासन देखि परिवर्तन भएर प्रभु येशु ख्रीष्टको नयाँ शासन व्यवस्था आएको हो। येशु ख्रीष्टनै परमेश्वर हुनुहुन्छ अनि उहाँले आफ्नो जीवन नै तपाईको निम्ति दिनुभयो। यसै कारण उहाँ चाहिँ तपाईको जागिर, परिवार, रुपयाँ, पैसा, भावी योजना मात्र होइन तपाईको जीवन भन्दा महान र महत्वपूर्ण हुनुहुन्छ। मत्ती १०:३७-३९ - लूका ९:५७ - ६२

लूका १४:२६ - मा येशुले भन्नुभयो यदि कुनै व्यक्ति उहाँको चेला बन्न चाहन्छ भने त्यस व्यक्तिले ख्रीष्टलाई आफ्नो बुबा-आमा, श्रीमती, छोराछोरी, भाई-बहिनी अनि आफ्नै जीवनलाई भन्दा पनि बढ्ता प्रेम गर्नुपर्छ, होइन भने त्यो व्यक्ति उहाँको चेला बन्न सक्दैन।

यस प्रकारले जब तपाई सम्पूर्ण-रुपमा आफैलाई उहाँमा समर्पण गर्नुहुन्छ, तब परमेश्वरले उहाँको आत्मा तपाईभित्र राख्नुहुन्छ अनि तपाई परमेश्वरको परिवारमा जन्मनुहुनेछ। उहाँ अब तपाईको प्रभु हुनुहुन्छ र उहाँले तपाईको जीवनमा कुनै पनि बेला, कुनै पनि ठाउँमा उहाँको आफ्नो इच्छाअनुसारको परिवर्तन ल्याउन सक्नुहुन्छ।

"....प्रभु येशु ख्रीष्टमा विश्वास गर्नुहोस् र तपाईले उद्धार पाउनुहुनेछ...." प्रेरित १६:३१

हाम्रो जीवनमा येशु ख्रीष्टको प्रभुत्व जीवनको परिवर्तनसँगै शुरु हुन्छ, अनि विश्वासमा बढ्दै गएपछि त्यो प्रभुत्वको महत्व हाम्रो जीवनमा अझ बढेर जान्छ।




परमेश्वरले तपाईलाई यो खुड्किलोसम्म ल्याईपुऱ्याउनु भएको छ, आजै तपाई आफुलाई ख्रीष्टमा समर्पण गर्नुहोस् .....

# तपाई आफ्नै शब्दमा परमेश्वरसँग बातचीत गर्नुहोस्....

आफ्ना पापहरु स्वीकार्नुहोस् - एक-एक गरी पापलाई नाम काढेर स्वीकार गर्नुहोस्, जस्तैः घमण्ड, ठगी, झूट, अनैतिकता, लोभ, माफ दिन नसक्ने मन आदि ।

परमेश्वरलाई भन्नुहोस् तपाई पश्चात्ताप गर्देहुनुहुन्छ - उहाँलाई बताउनुहोस् कि आफुले सम्झेजति पापलाई त्याग्न तपाई तयार हुनुहुन्छ र पापको जरोको रुपमा बसेको स्वार्थीपनलाई पनि त्याग्न चाहनुहुन्छ ।

परमेश्वरमाथि विश्वास राख्न चाहन्छु भनी उहाँलाई भन्नुहोस् - आफैलाई उहाँमा सम्पूर्ण-रुपले समर्पण गरेर येशु ख्रीष्टलाई आफ्नो जीवनमा प्रभु अनि मुक्तिदाता भनी ग्रहण गर्नुहोस् ।

उहाँले आफ्नो वचन राख्नुहुन्छ, माफ दिनुहुन्छ अनि तपाईको जीवनमा आएर तपाईलाई नयाँ बनाउनुहुन्छ । तपाईले यो समर्पणको काम गहिरो भावनासहित अथवा भावनाविना गरे पनि हुन्छ । तपाईको प्रतिक्रिया कस्तो हुनुपर्ने त्यो चाहिँ तपाईको स्वभाव, पृष्ठभूमि अनि परमेश्वरले तपाईलाई कसरी भेट्नुभो त्यसमा भर पर्नेछ । प्रभुलाई खुसी तुल्याउनेछु भनी तपाईले आफ्नो इच्छा, शक्तिलाई उहाँमा अब अर्पण गर्नुभएको छ अनि यो अति जरुरी कुरा हो । भावनाहरु आउँछन् र जान्छन् तर हामीले हृदयमा निश्चित गरेको कुराचाहिँ स्थिर रहन्छ ।

अहिल्ये नै तपाईभित्र भएको उहाँको नयाँ जीवनको लागि अनि उहाँले तपाईलाई आफ्नो सन्तान बनाउनु भएको लागि प्रभु परमेश्वरलाई धन्यवाद दिनुहोस् ।

## तपाईले उद्धार पाउनुभयो भन्ने चार निश्चित आधारहरुः

१. पश्चात्ताप र विश्वास गर्न तपाईले परमेश्वरको आज्ञा पालन गर्नु भएको छ, उहाँ आफ्नो वचन राख्न विश्वासयोग्य हुनुहुन्छ। "तिमीहरुले अनन्त जीवन पाएका छौ भन्ने हेतुले परमेश्वरका पुत्रको नाउँमा विश्वास गर्न तिमीहरुलाई यो पत्र लेख्दैछु" -१ यूहन्ना ५:१३ ।

२. ख्रीष्टले क्रुसमा वगाउनुभएको रगतमाथि तपाईलाई भरोसा छ। "उहाँको अपार अनुग्रह अनुसार ख्रीष्टको रगतद्धारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौं..." एफिसी १:७।

३. अब आफ्नो जीवन आफै चलाउने जिम्मेवारी त्यागेर येशु ख्रीष्टलाई आफ्नो जीवन माथिको सारा अधिकार सुम्पनुभएको छ। "यसकारण जसरी ख्रीष्टलाई तिमीहरुले ग्रहण गर्‍यौ त्यसरी नै उहाँमा जीवन बिताओ" - कलस्सी २:६ ।

४. परमेश्वरले उहाँको पवित्र आत्मा तपाईको आत्मामा हालिदिनु भएको छ र अबदेखि तपाई उहाँकै हुनुहुन्छ भनी तपाईलाई निश्चयता दिनुभएको छ।"त्योचाहिँ हामी परमेश्वरका सन्तान हौं भनी पवित्र आत्माले हाम्रा आत्मासँग गवाही दिनुभएको हो" - रोमी ८:१६ ।

## येशु ख्रीष्टमा नयाँ जीवन पाउनेहरुमा शुरुका यी परिवर्तनहरु देखा पर्नेछन्.....

१. बाइबल जान्ने इच्छा । "नयाँ जन्मेका बालकहरु जस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर र त्यसबाट तिमीहरु आफ्नो मुक्तिमा बढ्दैजान सक्नेछौ" - १ पत्रुस २:२ ।

२. येशु ख्रीष्टको आज्ञापालन गर्ने इच्छा । "तिमीहरुले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरु पालन गर्नेछौ" - यूहन्ना १४ :१५ ।

३. पापको कारण कष्टित हुने मन । हामी अब पाप गर्दा रमाउन सक्दैनौ । "प्रभुले आफ्नो जातिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिनेजति हरेक अधर्मबाट टाढै रहोस्" - २ तिमोथी २ :१९ ।

४. उद्धार नपाई हराएकाहरुको वास्ता - जसले अहिले सम्म पश्चात्ताप गरेका छैनन् र परमेश्वरलाई व्यक्तिगत-रुपमा चिनेका छैनन् उनीहरुप्रति तपाईलाई वास्ता र फिक्री हुनेछ । "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भएता पनि उहाँ ढिलो गर्नुहुन्न तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरुन् भन्ने इच्छा गरेर प्रभु तिमीहरुप्रति धैर्यवान् हुनुहुन्छ" - २ पत्रुस ३ :९ ।


अरु जानकारीको लागि सम्पर्क गर्नुहोस्

**जीवनसम्म पुर्‍याउने खुड्किलो**

जी.पी.ओ. ८९७५, इ.पी.सी ७२६, काठमाडौं, नेपाल